apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




रास्वपाको मञ्चमा रास्वपाबाटै खोजिएको व्यवस्थाप्रतिको प्रतिबद्धता

● वर्षः १२ ● अंकः १५५ ● पृष्ठः ४ ● ०८ असार २०८३ सोमबार (22 June 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## प्रहरीमाथि ढुंगामुढापछि गोली चल्यो, ब्राउनसुगरसहित दुई भारतीय नागरिक पक्राउ

**शुभ नारायण कामती**
**सिरहा, असार ०७ गते**





सिरहामा लागुऔषध नियन्त्रण अभियानका क्रममा प्रहरीमाथि ढुंगामुढा गर्दै आक्रमण भएपछि प्रहरीले गोली प्रहार गरी दुई जना भारतीय नागरिकलाई पक्राउ गरेको छ। पक्राउ परेकामध्ये एक जना गोली लागेर घाइते भएका छन् भने उनीहरूको साथबाट ठूलो परिमाणमा ब्राउनसुगर बरामद गरिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार आइतबार साँझ करिब ५:३० बजे सिरहा नगरपालिका-२१ लगडीगोठ क्षेत्रमा लागुऔषध कारोबार भइरहेको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहा, इलाका प्रहरी कार्यालय महेशपुरपतार तथा लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले निगरानी तथा नियन्त्रण अभियान सञ्चालन गरेको थियो।

प्रहरी टोलीले शंकास्पद व्यक्तिहरूलाई नियन्त्रणमा लिन खोज्दा चार-पाँच जनाको समूहमा रहेका व्यक्तिहरूले प्रहरीमाथि ढुंगामुढा गर्दै आक्रमण गरेको प्रहरीले जनाएको छ। अवस्था नियन्त्रणमा लिन प्रारम्भिक रूपमा हवाई फायर गरिएको भए पनि आक्रमण नरोकिएपछि र भारततर्फ भाग्ने प्रयास गरेपछि प्रहरीले आत्मरक्षाका लागि गोली चलाएको जनाएको छ।

गोली लागेर घाइते हुनेमा भारतको बिहार राज्य, मधुवनी जिल्ला, पदमाहा गाउँ पञ्चायत-२ जोगिया टोल निवासी २० वर्षीय रञ्जित कुमार पासवान (छोटु) रहेका छन्। उनीसँगै रहेका एक नाबालक भारतीय किशोरलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरीका अनुसार पासवानको दाहिने खुट्टाको घुँडामुनि गोली लागेको छ। घटनाका क्रममा प्रहरीमाथि भएको आक्रमणमा इलाका प्रहरी कार्यालय महेशपुरपतारमा कार्यरत प्रहरी जवान हृदयनारायण ठाकुर समेत घाइते भएका छन्। दुवै जनाको प्रादेशिक अस्पताल सिरहामा उपचार भइरहेको र स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक नरेश लिम्बुका अनुसार पक्राउ परेका दुवै जनाको साथबाट प्लास्टिकसहित तौल गर्दा १०१ ग्राम ६० मिलिग्राम तथा प्लास्टिकबाहेक ९२ ग्राम ३० मिलिग्राम ब्राउनसुगर (खैरो हेरोइन) जस्तो देखिने पदार्थ बरामद भएको छ।

प्रारम्भिक अनुसन्धानबाट मुख्य आरोपी रञ्जित कुमार पासवान लामो समयदेखि नेपाल-भारत सीमावर्ती क्षेत्रमा सक्रिय लागुऔषध कारोबारी रहेको खुलेको प्रहरीले जनाएको छ।

बाँकी पृष्ठ ३ ▶▶

## कुटपिट अंगभंग मुद्दामा आरोपित वडाध्यक्ष अझै पक्राउ परेनन्

**अपन दैनिक संवाददाता**
**राजविराज, असार ०७ गते**



कुटपिट अंगभंग मुद्दामा पक्राउ पुर्जी जारी भएपछि फरार भएका सप्तरीको राजगढ गाउँपालिका-२ का वडाध्यक्ष जितेन्द्रकुमार यादवलाई अझै पक्राउ गर्न सकिएको छैन्। गत जेठ १ मा यादवसहित ५ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो।

पक्राउ पुर्जी जारी भएको विषयमा जानकारी पाएका वडाध्यक्ष यादवले जेठ ५ मा वडासदस्य सुमित्रादेवी खंगलाई निमित्त तोकेर फरार छन्। फरार रहेका यादवसहितका आरोपीको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी हेमराज घिमिरेले बताए। उनका अनुसार अहिलेसम्म ती मुद्दाका २ जना आरोपी पक्राउ परेका छन्।

सोही ठाउँका ५० वर्षीय टुनु खंगलाई गत सोमबार राजविराज नगरपालिका-६ बाट पक्राउ गरिएको छ भने त्यसअघि जेठ २७ मा अर्का आरोपी शिवन खंगलाई पक्राउ गरिएको थियो। 'पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको छ,' उनले भने, 'पक्राउ परेका शिवनको स्वास्थ्य परीक्षण गर्दा उनी मृगौला सम्बन्धी रोगले ग्रसित देखिएका थिए।'

चिकित्सकको सल्लाह र सरकारी वकिल कार्यालयको आदेश बमोजिम कानुनी प्रक्रिया पुर्‍याई उनलाई जेठ २८ मा 'जिम्मा जमानी'मा छाडिएको डीएसपी घिमिरेले बताए।

२०८१ कात्तिक २१ गते साँझ सोही वडा अन्तर्गत पर्ने बनैनियाँस्थित मूल सडकभन्दा पूर्वतर्फ सार्वजनिक जग्गामा वडाध्यक्ष यादवलगायतले घर बनाउन लाग्दा सोही ठाउँका ललनकुमार सिंहलगायतले विरोध जनाएका थिए। आक्रोशित बनेका वडाध्यक्ष ४५ वर्षीय यादव, टुनु, सोही ठाउँका ५५ वर्षीय शिवन, ४१ वर्षीय पशुपति खंग र ४५ वर्षीय श्रीराम खंग मिलेर कुटपिट गर्दै सिंहमाथि रडले प्रहार गरेका थिए।

कुटपिटबाट सिंहको हात भाँचिएको थियो। उनले कुटपिट गरी अंगभंग पारेको कसूरमा २५ कार्तिकमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए। तर, प्रहरीले उनको जाहेरी दर्ता गर्न मानेनन्। सिंहले माघ ९ मा जिल्ला सरकारी वकिल कार्यालयमार्फत जाहेरी पठाउँदासमेत प्रहरीले सनाखतसहितका कानूनी प्रक्रिया पूरा गर्न अनाकानी गर्दै आएको थियो।

२०८१ चैत ५ मा सिंहले न्याय गुहार्दै उच्च अदालत जनकपुर राजविराज इजलासमा परमादेश रिट दायर गरेका थिए। रिटमा सुनुवाइ हुँदा २०८२ जेठ १४ मा अदालतका न्यायाधीशद्वय पूर्णप्रसाद राजवंशी र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालयको नाममा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम परमादेश जारी भएको थियो।

## उत्खननमा प्रयोग भएका टिप्पर-एक्साभेटर जिससले पक्रिने, प्रहरीले छोड्ने



**अपन दैनिक संवाददाता**
**महोत्तरी, असार ०७ गते**

महोत्तरीको गौशाला नगरपालिका-८ स्थित सोनीखोला क्षेत्र नं. १ स्थित भइरहेको नदीजन्य पदार्थको अवैद्य उत्खनन् क्रममा पक्राउ परेका उपकरण प्रहरीले विना कारवाही छोडेको रहस्य खुलेको छ। जिसस महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णको संयोजकत्वमा विहीबार गौशाला-८ स्थित सोनीखोलामा नदीजन्य निर्माण सामग्री उत्खननको क्रममा भेट्टिएको १० उत्खनन सामग्री पक्राउ गरेको प्रहरीलाई बुझाएको घण्टा नबित्दै छोडेको पाइएको छ।

एकै समयमा ३ (तीन) वटा एक्साभेटर प्रयोग गरी नदीजन्य निर्माण सामग्री उत्खनन भइरहेको अवस्थामा फेला परेको ७ वटा ट्रिपर र ३ वटा एक्साभेटर कारवाही बिनै छाडिएको पाइएको गौशाला नगरपालिकाकी उपप्रमुख रेणुकुमारी महतोले जानकारी दिइन्। उपप्रमुख महतोका अनुसार उत्खनन गरिएको क्षेत्रको अवलोकन गर्दा औसत रुपमा करिव १.५० मिटर गहिराइसम्म उत्खनन गरिएको देखिएको र अनिल कन्स्ट्रक्सनद्वारा सञ्चालित उत्खनन कार्यमा त्रुटि देखिएकोमा पक्राउ गरी प्रहरीमा

बाँकी पृष्ठ ३ ▶▶

## सिरहामा शवसहित पूर्वपश्चिम राजमार्ग अवरुद्ध, दोषी चालक पक्राउको माग

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०७ गते**



सिरहाको धनगढीमाई नगरपालिकामा सवारी दुर्घटनामा गम्भीर घाइते भएका एक रिक्सा चालकको उपचारका क्रममा मृत्यु भएपछि आक्रोशित स्थानीयवासीले शवसहित पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका छन्।

धनगढीमाई नगरपालिका-१० निवासी ४५ वर्षीय कृष्णकुमार महतोको उपचारका क्रममा शनिबार मृत्यु भएपछि उनका आफन्त तथा स्थानीयवासीले आइतबार धनगढीमाई बजार क्षेत्रमा शव बोकेको एम्बुलेन्स सडकमा राखेर पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका हुन्।

स्थानीयका अनुसार महतो सिटी रिक्सा चलाएर जीविकोपार्जन गर्दै आएका थिए। शुक्रबार साँझ रिक्सा रोकेर दही किन्न सडक पार गर्ने क्रममा तीव्र गतिमा आएको मोटरसाइकलले उनलाई ठक्कर दिएको थियो।

दुर्घटनामा गम्भीर घाइते भएका महतोलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि विराटनगर स्थित नोबेल अस्पताल लगिएको थियो। उपचारकै क्रममा शनिबार चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

दुर्घटनामा संलग्न मोटरसाइकल चालक घटनापछि फरार रहेको

बाँकी पृष्ठ ४ ▶▶









प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### सिरहा नगरपालिकाको बजेटमा नागरिकको अपेक्षा सम्बोधन !

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । संविधानले स्थानीय तहलाई विकास निर्माण, आधारभूत सेवा प्रवाह तथा स्थानीय आवश्यकता अनुसार योजना निर्माण गर्ने अधिकार दिएको छ। यही अधिकारको प्रयोग गर्दै प्रत्येक वर्ष स्थानीय तहले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम तथा बजेट ल्याउने संवैधानिक र कानूनी दायित्व पूरा गर्नुपर्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार असार १० गतेभित्र नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था छ। यसै क्रममा सिरहा नगरपालिकाले असार ८ गते आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तथा बजेट सार्वजनिक गर्ने तयारी गरेको छ।

सिरहा जिल्लाको प्रमुख र ठूलो स्थानीय तहमध्ये एक सिरहा नगरपालिका २२ वटा वडा र करिब एक लाख जनसंख्या भएको नगर हो। शिक्षा, स्वास्थ्य, कृषि, व्यापार, पूर्वाधार, खानेपानी, सरसफाइ तथा रोजगारीजस्ता विविध क्षेत्रमा नगरवासीका अपेक्षा जोडिएका छन् । त्यसैले नगरपालिकाले ल्याउने बजेट केवल आय-व्ययको दस्तावेज मात्र नभई आगामी वर्षको विकासको मार्गचित्र पनि हो। विशेष गरी २०७९ सालको स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिका लागि यो अन्तिम पूर्ण बजेट हो । आगामी निर्वाचन नजिकिँदै जाँदा जनप्रतिनिधिको कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रमुख आधार यही बजेट र यसको कार्यान्वयन बन्नेछ। त्यसैले लोकप्रियताभन्दा आवश्यकता, दिगोपन र नागरिक हितलाई केन्द्रमा राखेर बजेट निर्माण गर्नु आजको आवश्यकता हो।

सिरहा नगरपालिकाका नागरिकले वर्षौंदेखि भोग्दै आएका समस्याहरू अझै पूर्ण रूपमा समाधान हुन सकेका छैनन्। नगर क्षेत्रभित्रका सडक, नाला, ढल व्यवस्थापन, खानेपानी, फोहोरमैला व्यवस्थापन तथा शहरी पूर्वाधारका विषय अझै चुनौतीकै रूपमा रहेका छन् । वर्षायाममा हुने जलमग्न, सडकको खाल्डाखुल्डीको अवस्था र सरसफाइको कमजोर अवस्था नगरवासीको दैनिक समस्याका रूपमा देखिन्छन् । आगामी बजेटले यस्ता आधारभूत आवश्यकतालाई उच्च प्राथमिकतामा राख्न सक्नुपर्छ। कृषि सिरहा नगरपालिकाको अर्थतन्त्रको महत्वपूर्ण आधार हो। नगरभित्रका अधिकांश परिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेशासँग आबद्ध छन् । त्यसैले कृषि उत्पादन वृद्धि, सिँचाइ विस्तार, आधुनिक कृषि प्रविधिको प्रयोग, किसानलाई अनुदान तथा बजार व्यवस्थापनका कार्यक्रम बजेटमा समेटिनु आवश्यक छ। कृषि क्षेत्रलाई प्राथमिकतामा राख्न सके मात्र स्थानीय अर्थतन्त्र चलायमान बन्नेछ र युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न मद्दत पुग्नेछ। शिक्षा र स्वास्थ्य क्षेत्र पनि उत्तिकै महत्वपूर्ण छन्। सामुदायिक विद्यालयको गुणस्तर सुधार, प्राविधिक शिक्षाको विस्तार, विद्यालय पूर्वाधार सुदृढीकरण तथा स्वास्थ्य संस्थामा जनशक्ति र उपकरण व्यवस्थापनका लागि पर्याप्त स्रोत विनियोजन गर्नुपर्छ। नागरिकले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पाउनु स्थानीय सरकारको आधारभूत जिम्मेवारी हो।

यसका साथै महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा आर्थिक रूपमा कमजोर समुदायलाई लक्षित कार्यक्रमलाई पनि प्राथमिकता दिनुपर्छ। समावेशी विकासबिना समृद्ध नगरको परिकल्पना सम्भव छैन। बजेटले समाजका पछाडि परेका वर्गलाई मूलधारमा ल्याउने प्रयास गर्नुपर्छ। नगरपालिकाको बजेट पारदर्शी, उत्तरदायी र परिणाममुखी हुनु अर्को महत्वपूर्ण पक्ष हो । विगतका वर्षमा अधुरा योजना, ढिलो कार्यान्वयन र खर्चको प्रभावकारितामाथि उठेका प्रश्नलाई सम्बोधन गर्दै यसपटक बजेटले स्पष्ट लक्ष्य, मापनयोग्य उपलब्धि र कार्यान्वयनको सुनिश्चितता प्रस्तुत गर्नुपर्छ। नागरिक सहभागिताबाट तयार भएको बजेटले मात्र जनविश्वास हासिल गर्न सक्छ। त्यसैले सिरहा नगरपालिकाले ल्याउन लागेको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटप्रति नगरवासीको ठूलो अपेक्षा छ। यो बजेट केवल कानूनी प्रक्रिया पूरा गर्ने औपचारिक दस्तावेज बन्नु हुँदैन्। नागरिकको जीवनस्तर उकास्ने, विकासलाई गति दिने र नगरको भविष्य निर्माण गर्ने कार्ययोजना बन्न सक्नुपर्छ। अन्तिम बजेटमार्फत जनप्रतिनिधिले आफ्नो कार्यकालको प्रभावकारी छाप छोड्ने अवसर पाएका छन् । त्यसैले सिरहा नगरपालिकाको आगामी बजेट आवश्यकता, औचित्य र जनचाहनाअनुरूप विकासमैत्री, समावेशी र नागरिकमुखी हुनुपर्छ। यही नै समयको माग र नगरवासीको अपेक्षा हो।

# रास्वपाको मञ्चमा रास्वपाबाटै खोजिएको व्यवस्थाप्रतिको प्रतिबद्धता

## चार वर्षमा भीमकाय बनेको रास्वपाको महाधिवेशनमा शुभकामना दिन किरानामा बसेका थिए– सात दशक लामो राजनीतिक इतिहास बोकेका दल ।




आइतबार चितवनको भरतपुरमा देशभरबाट जम्मा भएका राष्ट्रिय स्वतन्त्र पार्टीका समर्थकमा पनि एउटा प्रश्न थियो, रास्वपालाई शुभकामना दिन पुगेका विपक्षी दलहरूको पनि प्रश्न । रास्वपा स्थापनाको ठीक ४ वर्षमा आइतबार पहिलो महाधिवेशनमा होमिदा यसको आकार ७७ वटै जिल्लामा फैलिएको मात्र छैन, करिब दुईतिहाइ बहुमतका साथ संघीय सरकारको नेतृत्व पनि गरिरहेको छ।

एक टिभी प्रस्तोताले स्थापित दलहरू भ्रष्ट भएको आरोप लगाउँदै २०७९ असार ७ गते 'राष्ट्रिय स्वतन्त्र पार्टी' स्थापना गरेका थिए । आज चार वर्षपछि सभापति रवि लामिछाने नेपालको राजनीतिक इतिहासमा सर्वाधिक बलियो पार्टीको प्रमुखका रूपमा पार्टीलाई महाधिवेशनमा होमिरहेका थिए। सक्रिय राजनीतिमा प्रवेश गरेको चार वर्षभित्रै प्रधानमन्त्री बनेका बालेन्द्र शाह बालेन आकर्षणको केन्द्रमा थिए।

यही चार वर्षमा भीमकाय बनेको रास्वपाको महाधिवेशनमा शुभकामना दिन किरानामा बसेका थिए- सात दशक लामो राजनीतिक इतिहास बोकेका दल । त्यसमा नेपालमा भएका जेन जी आन्दोलन बाहेक सबै आन्दोलनको नेतृत्व गरेको दल नेपाली कांग्रेसका सभापति गगन थापा पनि रास्वपालाई शुभकामना दिन पुगेका थिए।

जसरी रास्वपाले नामै 'स्वतन्त्र' राख्यो, त्यसरी नै त्यो दलमाथि राजनीतिक विचारका रूपमा प्रश्न स्थापनाकालदेखि नै उठेका थिए। गत फागुन २१ गते भएको चुनावबाट प्रचण्ड बहुमतका साथ रास्वपाको एकल बहुमतको सरकार बन्यो- यो सरकारमाथि पनि प्रश्न उठेका छन्। खास गरी गत भदौमा भएको जेन जी आन्दोलनको स्वामित्त्व लिएको रास्वपाको संघीय लोकतान्त्रिक गणतन्त्रबारे के धारणा हो ? यो प्रश्न उसकै कार्यकर्तामा पनि थियो, अन्य दलहरूमा पनि छ।

आइतबार रास्वपाको मञ्चमा अतिथि बनेर शुभकामना दिन गएका दलहरूका नेताहरूले संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानसभाले २०७२ मा बनाएको मौजुदा संविधानमाथि रास्वपा र रास्वपा नेतृत्वको सरकारबाट प्रतिबद्धता खोजे।

शुभकामना मन्तव्य दिँदै कांग्रेस सभापति गगन थापाले भने, 'लोकतन्त्र र विधिको शासन लेखिने विषय मात्रै होइनन्, यी आधारभूत मूल्यहरूलाई रास्वपाले मन वचन र कर्ममा लिएर हिँड्ने अपेक्षा छ।'

**कांग्रेस, एमाले, नेकपा र जसपाको एउटै चिन्ता**

रास्वपालाई शुभकामना दिन पुगेका रास्वपा बाहेकका दलहरूमा पनि कित्ताकाट जस्तै देखियो। खास गरी २०७२ को संविधान जारी गर्दाका सहयात्री दल कांग्रेस, एमाले, नेकपा र जसपा नेपालको धारणा एउटै देखियो।

यी तीनवटै दलले रास्वपाबाट संविधान र व्यवस्थाप्रतिको प्रतिबद्धता खोजियो।

कांग्रेस सभापति गगन थापाले विगतमा नेपालका विभिन्न राजनीतिक दलहरूले ठूलो जनमत प्राप्त गरे पनि त्यसको सही व्यवस्थापन गर्न नसक्दा जनमत दुर्घटनामा परेको स्मरण गराए। उनले भने, 'करिब तीन, चारपटक नेपालका राजनीतिक दलहरूले ठूलो जनमत प्राप्त गरे। तर हरेकपटक त्यो जनमत दुर्घटनामा पऱ्यो। जुन राजनीतिक दलले त्यो जनमत प्राप्त गगऱ्यो त्यो राजनीतिक दलको नेताहरूको अंहकारकाबीचमा टकराव भयो, व्यक्तिहरूको बीचमा टकराव भयो। जसको कारणले दुर्घटना भयो।'

उनले जनमत प्राप्त गरेपछि दलभित्र नेतृत्वको अहंकार, व्यक्तिवादी प्रवृत्ति र आन्तरिक टकराव बढ्दा राजनीतिक दलहरू कमजोर बनेको उल्लेख गरे।

थापाले राजनीतिक दलभित्र स्वस्थ आलोचना र आत्मसमीक्षाको संस्कृतिको आवश्यकता औंल्याउँदै आफ्नै पार्टीका नेताहरूलाई पनि प्रश्न गर्नसक्ने साहस हुनुपर्ने बताए। उनले नेताहरूलाई 'भगवान्' वा 'बा' का रूपमा प्रस्तुत गर्ने प्रवृत्तिले राजनीतिक दलहरूलाई क्षति पुऱ्याएको टिप्पणी गरे।

उनले भने, 'तपाईहरूले आफ्नै दलभित्र पनि प्रश्न गर्न छाड्नु हुँदैन । हामीले आफ्नो दलका नेताहरूलाई भगवान् र बा बनाएर गल्ती गरिसक्यौं । तपाईहरूले नगर्नुहोला । गल्ती गरेको बेला आफ्ना नेताहरूलाई पनि प्रश्न गर्नुहोला । हामीले ढिला गऱ्यौं, सजाय पनि पायौं। हाम्रो पार्टी दास र लासको पार्टी होइन भनेर केही अघि भन्न सक्नुपर्थ्यो , सकेनौं। हामीले ढिला गऱ्यौं। त्यसबाट तपाईहरूले सिक्नुहोला। आफ्नै नेतालाई पनि प्रश्न गर्ने आँट र साहस गर्नुहोला। गल्ती गर्दा अरु पार्टीलाई भन्दा आफ्नै पार्टीलाई भन्न सक्नुपर्छ।'

थापाले कांग्रेस रास्वपाको दुस्मन नभई प्रतिस्पर्धी भएको उल्लेख गर्दै स्वच्छ प्रतिस्पर्धा गरेर रास्वपाभन्दा अग्लो बन्ने बताए।

रास्वपालाई शुभकामना दिन नेकपा एमालेको प्रतिनिधिका रूपमा नेता प्रदीप ज्ञवाली चितवन पुगेका थिए। उनी रास्वपाप्रति अन्य दलभन्दा कठोर सुनिए। उनले रास्वपा राष्ट्रिय राजनीतिमा कहाँ उभिन्छ भन्ने विषय रहेको बताए। उनले भने, 'राजनीतिक विचारका के हुन्छ भन्नेछ। राष्ट्रिय राजनीतिमा कहाँ उभिन्छ, राइट, लेफ्ट वा सेन्टर टु राइट। जहाँ उभिए पनि गरी खाने जनाताका पक्षमा उभियोस्।'

उनले रास्वपाले जनादेशको सदुपयोग कसरी गर्छ भन्ने प्रश्न पनि गरे। त्यसक्रममा उनले हिटलर र नेल्सन मण्डेलाको पार्टीले पाएको बहुमतको सन्दर्भ पनि कोट्याए। उनले जनादेश पाउँदैमा सबै ठीक हुन्छ भन्ने नरहेको भन्दै रास्वपामाथि कटाक्ष गरे। उनले भने, '१९३३ मा जर्मनीमा जर्मन सोसलिस्ट पार्टी र १९९४ मा दक्षिण अफ्रिकामा नेल्सन मण्डेलको पार्टीले जनादेश पाएको थियो। जनताको श्रीवृद्धि र राष्ट्रको समृद्धि साध्य हो, अरु साधान मात्र हुन्। तपाईसँगमा भएको जनादेशको सदुपयोग नहुन पनि सक्छ। पाइला पाइलामा यो कुरा ख्याल गुर्नहुनेछ।'

ज्ञवालीले रवि लामिछानेको भारत भ्रमण र भूराजनीति तथा प्रधानमन्त्री बालेन्द्र शाह बालेनले संसद्मा दिएको सीमाबारे विवादित अभिव्यक्तिका विषयमा पनि बोले। 'हाम्रो सानो पनि गल्ती, एउटा अभिव्यक्ति र जेस्चरले पनि हुने घटना हाम्रो जस्तो देशले धान्न सक्दैन। लोकतन्त्र, पारर्दिशता, सरकारका प्रारम्भिक दिनहरूले वाचापत्रसँग मेल नखाने भएका छन् । ती घटना अपवाद बनोस् । नेपाली जनताले रास्वपाको हातमा लोकतन्त्र सुरक्षित छ भन्ने होस् भन्ने चाहन्छन्। गाडीको एक्सिलेटर मात्र होइन ब्रेकमा पनि ध्यान जाओस्।'

नेकपा (माओवादी केन्द्र)का नेता वर्षमान पुनले सुशासन, पारदर्शिता र भ्रष्टाचार अन्त्यका एजेन्डामा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बीच समान धारणा रहेको बताएन्। उनले लोकतन्त्र र गणतन्त्रप्रति स्पष्ट दृष्टिकोणका साथ रास्वपा अघि बढ्नुपर्ने सुझाव पनि दिएका छन्।

पुनले नेपाल लामो राजनीतिक संघर्ष र बलिदानको जगमा लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको उल्लेख गर्दै महाधिवेशनबाट चयन हुने नीति र नेतृत्वले राष्ट्रिय राजनीतिमा दीर्घकालीन प्रभाव पार्ने बताए।

उनले सुशासनको अभियान विधि र कानुनअनुसार अघि बढ्नुपर्नेमा जोड दिए। रास्वपाका केही नीतिगत र व्यवहारगत विषयमा आफूलाई आशंका रहेको उल्लेख गर्दै लोकतन्त्र र गणतन्त्रप्रति पार्टीले स्पष्ट धारणा बनाउनुपर्ने सुझाव दिए।

'यो महाधिवेशनले रास्वपालाई वैचारिक र संगठनात्मक रूपमा अझ स्पष्ट बनाउने विश्वास लिएको छु। लोकतन्त्रमा सरकार र संख्या स्थायी हुँदैनन्, तर लोकतन्त्र आफैं स्थायी मूल्य हो,' उनले भने।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपाल अहिले सुशासन, सामाजिक न्याय र समानताको खोजीमा रहेको उल्लेख गरे। उनले सयौं वर्षदेखि विभेदमा परेका समुदायहरू अहिले समान अधिकार र सम्मानको अपेक्षामा रहेको बताए।

यादवले वर्तमान संविधानलाई संघीय लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षताजस्ता उपलब्धिका

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष** : आज नयाँ महिनाको पहिलो हप्ताको सुरुवातसँगै मनमा नयाँ उत्साह थपिनेछ।

**बृष** : कला, साहित्य र सञ्चार क्षेत्रमा आबद्ध व्यक्तिहरूका लागि आजको दिन निकै राम्रो छ।

**मिथुन** : रचनात्मक कार्यमा सफलता मिल्नेछ। विद्यार्थी वर्गका लागि अध्ययन-अध्यापनमा रुचि बढ्नेछ।

**कर्कट** : मनमा केही धार्मिक र आध्यात्मिक भावना जागृत हुन सक्छ। यद्यपि, आज खर्चको मात्रामा केही वृद्धि हुने योग छ।

**सिंह** : लामो समयदेखि रोकिएको धन फिर्ता आउने योग छ, जसले आर्थिक रूपमा ठूलो राहत मिल्नेछ।

**कन्या** : कार्यक्षेत्रमा तपाईंको कामको उच्च मूल्याङ्कन हुनेछ । नयाँ जिम्मेवारी वा पदोन्नतिको अवसर मिल्न सक्छ।

**तुला** : भाग्यले साथ दिनेछ । धार्मिक यात्रा वा परोपकारी कार्यमा संलग्न हुने अवसर मिल्नेछ।

**वृश्चिक** : आजको दिन स्वास्थ्यप्रति अलि बढी सजग रहनुपर्ने देखिन्छ। खानपानमा ध्यान दिनुहोला।

**धनु** : दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन निकै मधुर रहनेछ।

**मकर** : शत्रुहरू परास्त हुनेछन् र पुराना अदालती वा विवादित मामिलाहरू तपाईंको पक्षमा आउन सक्छन्।

**कुम्भ** : बौद्धिक र शैक्षिक कार्यमा ठूलो सफलता मिल्नेछ। सन्तान पक्षबाट सुखद समाचार सुन्न पाइनेछ।

**मीन** : आजको दिन घरजग्गा वा सवारी साधन खरिद-बिक्रीको योजना बन्न सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# बागमती नदीमा फसेका १४ जनाको सशस्त्र प्रहरीले गर्‍यो उद्धार



**अपन दैनिक संवाददाता**
**रौतहट, असार ०७ गते**

रौतहटस्थित सशस्त्र प्रहरीको टोलीले बागमती नदीमा अचानक आएको बाढीका कारण फसेका १४ जना स्थानीयको सकुशल उद्धार गरेको छ।

आइतबार दिउँसो करिब पौने ४ बजे दुर्गाभगवती गाउँपालिका-३ मत्सरीघाटस्थित बागमती नदी पारि मुंगको दाल टिपेर फर्कने क्रममा ११ जना महिला र ३ जना बालिका नदीको बिच भागमा रहेको टापुमा फसेका थिए।

नदीमा एक्कासि पानीको बहाव बढेपछि उनीहरू नदी पार गर्न नसकी जोखिममा परेका थिए।

घटनाबारे जानकारी प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण हेक्वा तथा मातहतका इकाइबाट असई यज्ञबहादुर योञ्जनको कमाण्डमा डिजास्टर स्यानेजमेन्ट (डीएम) टोलीसहित १७ जना सुरक्षाकर्मी र रबर बोट परिचालन गरिएको थियो।

उद्धार टोलीले करिब एक घण्टाको प्रयासपछि अपराह्न ५ बजे रबर बोटमार्फत सबैलाई सुरक्षित रूपमा उद्धार गरी घर फर्काएको सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एसपी रामहरि अधिकारीले जानकारी दिएका छन्।

मनसुन सक्रिय भएसँगै नदी तथा खोलामा पानीको सतह बढ्ने क्रम जारी रहेकाले आवश्यक सतर्कता अपनाउन सशस्त्र प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ।

## प्रहरीमाथि ढुंगामुढापछि गोली चल्यो, ब्राउनसुगरसहित ............

अनुसन्धानका क्रममा उनले हालसम्म नेपालका विभिन्न जिल्लामा करिब १० देखि १२ किलोग्रामसम्म ब्राउनसुगर बिक्री-वितरण गरेको आशंका गरिएको छ। बरामद लागुऔषधको नेपाली बजार मूल्य करिब ३ करोड रुपैयाँ बराबर रहेको प्रहरीको अनुमान छ।

प्रहरीका अनुसार पासवानले विभिन्न जिल्लामा पक्राउ परेका ब्राउनसुगर कारोबारीहरूलाई लागुऔषध आपूर्ति गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। लागुऔषध ओसारपसार तथा कारोबारमा नाबालकहरूको समेत प्रयोग गर्ने गरेको तथ्य अनुसन्धानबाट देखिएको प्रहरीको दाबी छ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। सीमावर्ती क्षेत्रमा बढ्दो लागुऔषध कारोबार नियन्त्रणका लागि निगरानी र कारबाहीलाई थप प्रभावकारी बनाइने प्रहरीको भनाइ छ।

प्रहरीले लागुऔषध कारोबार, ओसारपसार तथा बिक्री-वितरणमा संलग्न जोसुकैमाथि कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी समेत दिएको छ।

## उत्खननमा प्रयोग भएका टिप्पर-एक्साभेटर जिससले ............

बुझाएको उपकरण जिसस र नपाको समन्वयन बिनै प्रहरीले छोड्नु शंकास्पद विषयको भएको आशंका गरिन्।

उनले भनिन, 'उत्खनन कार्यमा प्रयोग भएका एक्साभेटर तथा टिप्परहरुको खोला प्रवेश अनुमति सम्बन्धित स्थलमा उपलब्ध नरहेको तथा माग गर्दा समेत पेश गर्न नसकेको अवस्थामा पक्राउ गरिएको ट्रिफर र एक्साभेटर कसरी छोडियो हामी तीन छक्क परेका छौं। जिल्ला समन्वयन समिति, नगरपालिकाको विना कुनै समन्वयन कसरी छोडियो, कतै आर्थिक प्रलोभनको विषय त होइन भनि आशंका उत्पन्न भएको छ।'

जिल्ला समन्वयन समिति महोत्तरीले अवैद्य उत्खनन्मा पक्राउ परेको ट्रिपर र एक्साभेटर तथा कारवाहीको अनुगमन प्रतिवेदन बनाउन नपाउँदै ईलाका प्रहरी कार्यालय गौशालाका प्रमुख रमेश लामा र ठेकेदारको मिलोमत्तोमा छोडेको जिल्ला समन्वयन समितिका सुमनलाल कर्णको बुझाई छ। उनले भने, जिल्ला समन्वय समितिले गरेको स्थलगत अनुगमनपछि स्थानीय तहका प्रतिनिधिहरुकै उपस्थितिमा वातावरणीय मापदण्ड उल्लंघन गर्दै उत्खनन गरिएको निष्कर्ष निकालिएको थियो। यद्यपि ठेक्का सम्झौताअनुसार काम भइरहेको भनिए पनि ठेकेदार र स्थानीय तहका केही जनप्रतिनिधिबीच मिलेमतो भएर मापदण्ड विपरित खोला उत्खनन् भईरहेको भए पनि प्रहरी प्रशासनको मिलोमत्तोमा ठेकेदारले मनपरी उत्खनन गरिरहेको छ।'

गौशाला नगरपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) सम्पन्न गरी २०८२ माघ २९ गते सोनी र मरहा खोलाबाट नदीजन्य पदार्थ संकलनका लागि ७५ हजार ७८४ घनमिटर सामग्री उत्खनन गर्ने गरी मूल्य अभिवृद्धि कर बाहेक १ करोड ५१ लाख ५६ हजार ८६० रुपैयाँको ठेक्का लगाएको छ। नगरपालिकाले खोलालाई तीन उत्खनन क्षेत्रमा विभाजन गरेको थियो। बर्लेनी-कुस्मारी नाका, बाङ्ले-सोनी दोभान नाका तथा बयलबास-फायरलाइन नाकालाई क्रमशः उत्खनन क्षेत्र नं. १, २ र ३ तोकिएको थियो।

अनुगमनको क्रममा पक्राउ परेका परेका टिप्पर प्रदेश-०२-०२-००१-क-०३९२, प्रदेश-०२-०३-००१-क-०५९२, टिप्पर प्रदेश-०२-०२-००१-क-०३९३, टिप्पर प्रदेश-०२-०३-००१-क-९५८६, टिप्पर प्रदेश-०२-०३-००१-क-०५८२, टिप्पर म.प्र.-०२-००१-क-०८८३, टिप्पर म.प्र.-०२-००१-क-०८८२ र एक्साभेटर वा-३-क-१११६, एक्साभेटर ना-१-क-९७३५, एक्साभेटर ना-२-क-२० पक्राउ परेको केही घण्टा नबित्दै विना कारवाही छोडिएपछि ईलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक रमेश लामा, ठेकेदार र जनप्रतिनिधिको मिलोमत्तोको आशंका व्यक्त गर्न थालिएको छ।

जिल्ला समन्वयन अधिकारी रामप्रसाद लुइटेलले खोला उत्खनन कार्य नियमअनुसार भएको भए कोही भाग्नुपर्ने अवस्था आउने थिएन। उनले भने,' 'हामीले अनुगमन गरिसक्दा मेयरसाप आउनु भयो र अनुगमन टोलीसँग असन्तुष्टि पोखेर फर्किनु भयो।' नगरपालिकाले उत्खननका लागि तोकेका शर्तअनुसार बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म मात्र काम गर्नुपर्ने, क्षेत्र स्पष्ट रुपमा रेखांकन गरिएको हुनुपर्ने तथा आईईई प्रतिवेदनले तोकेको तीन फिटभन्दा बढी गहिराइमा उत्खनन गर्न नपाइने व्यवस्था भए पनि अनुगमनको क्रममा करिब ६ फिटसम्म गहिरो खाल्डा खनिएको उल्लेख छ।

प्रतिवेदनमा अवैद्य उत्खनन् भईरहेको जिकिर गरिँदै भनिएको छ, 'उत्खननबाट संकलन तथा ढुवानी गरिएको निर्माण सामग्रीको घाटगद्दी रसिद तथा अन्य आवश्यक कागजातहरु उपलब्ध गराउन सकिएको थिएन। अनुगमन टोली उत्खननस्थलमा पुग्ने बित्तिकै नगरपालिकाबाट खटाइएका कर्मचारी, सवारी चालक तथा ठेकेदार पक्षका प्रतिनिधिहरु हतार-हतार भागदौड गरी स्थलबाट निस्किएको पाइयो। जसले अनुगमन कार्यमा आवश्यक सहयोग नगरेको तथा गतिविधि शंकास्पद देखिएको छ।'

अनुगमनका क्रममा उत्खनन क्षेत्रको सीमाङ्कन तथा सूचना पाटी नराखिएको, दैनिक उत्खनन, बिक्री तथा ढुवानी अभिलेख नराखिएको प्रतिवेदनमा उल्लेख छ। साथै घाटगद्दी गरिएको सामग्रीको अभिलेख तथा प्रमाणित रसिद उपलब्ध नभएको, स्थानीय समुदायको सहभागिता नरहेको, एक क्षेत्रबाट एकवटा मात्र एक्साभेटर प्रयोग गर्नुपर्ने व्यवस्थाको विपरीत एकै समयमा तीनवटा एक्साभेटर प्रयोग गरिएको भेट्टिएको गौशाला नगरपालिकाका उपप्रमुख रेणुकुमारी महतोले बताइन्।

उत्खनन स्वीकृत ०.८५ मिटर गहिराइ भन्दा बढी करिब १.५० मिटर गहिराइसम्म उत्खनन गरिएको पाइयो। नदी क्षेत्रमा प्रवेश अनुमति नरहेको, ढुवानी पुर्जी तथा अभिलेख प्रणाली व्यवस्थित नरहेको तथा अनुगमन टोली स्थलमा पुग्दा सम्बन्धित पक्षहरु त्यहाँबाट भागेको अवस्था समेत देखिएको यावत विषयबाट अवैद्य उत्खनन भएको प्रमाणित हुँदाहुँदै प्रहरी निरीक्षक लामाले टिप्पर र एक्साभेटर गाडी पुनः ठेकेदारको जिम्मा लगाउनु मिलोमत्तो नै हो।

यस सम्बन्धमा ईलाका प्रहरी कार्यालयका गौशालाका प्रमुख प्रहरी निरिक्षक रमेश लामाले आफुले जिल्ला प्रहरी कार्यालयका प्रमुख र गौशाला नगरपालिकाका समन्वयनमा उत्खनन् उपकरण छोडेको जानकारी दिए। उनले भने, 'खोलाबाट उत्खनन् सामाग्री ल्याउन छुइभर थिएन्। जिल्ला प्रहरी र नगर प्रमुखको समन्वयन पछि हामीले गाडीहरु छोडेका हौं।'

यता गौशाला नगरपालिका प्रमुख ओमबहादुर अधिकारीले अवैद्य उत्खनन् नभई केही मापदण्ड जस्तै खोला अनुमति पत्र जस्ता केही सामान्य त्रुटी मात्र रहेको जिकिर गरे। उनले भने, 'असार १ गतेदेखि खोला उत्खनन पूर्णरुपले बन्द हुन्छ, त्यसैले २ दिन मात्र बाँकी छँदा ७ वटा टिप्पर र ३ वटा एक्साभेटरले उत्खनन गरेको भेटियो तर यो व्यवहारिक कुरा हो। ठेकेदारले खोला खन्न बाँकी थियो तर समय नभएका कारण अलि बढी उपकरण खोलामा लगाइनु स्वभाविक हो।'

## रास्वपाको मञ्चमा रास्वपाबाटै खोजिएको ............

कारण महत्वपूर्ण मान्नुपर्नेसमेत बताए। त्यसमा अझै अपूर्णता र विरोधाभास रहेको उल्लेख गर्दै उनले संविधान संशोधन गरेर विद्यमान कमजोरी र विसंगति हटाउनुपर्ने आवश्यकता औंल्याए।

'संविधानसभाबाट जारी भएको संविधान अपूर्ण छ। त्यसका त्रुटि र विरोधाभास संशोधनमार्फत सच्याउनुपर्छ र त्यसमा रास्वपाको पनि जिम्मेवारी छ,' उनले भने।

**रविले दिएको सन्देश र बालेनको पुरानै चाल**

शुभकामना मन्तव्य दिनेक्रममा नेताहरूले उठाएका प्रश्न देशभरबाट पहिलोपटक आफ्ना नेताको कुरा पहिलोपटक सुन्ने अवसर पाएका रास्वपा समर्थकलाई सभापति लामिछानेले पहिलोपटक सम्बोधन गर्ने अवसर पाएका थिए।

देशभरबाट यसरी एकै ठाउँमा रास्वपाका नेता तथा कार्यकर्ताहरू पहिलोपटक चितवनमा जमघट भएका छन्। त्यसैले लामिछानेले पार्टीको आगामी रणनीतिबारे पनि समर्थक र नेता कार्यकर्तामा ऊर्जा दिनुपर्ने अवस्था थियो आइतबारको महाधिवेशन उद्घाटन समारोह। उनले यसको प्रयास पनि गर्दै गरे। आफ्नो पार्टी गैरराजनीतिक पृष्ठभूमिबाट आएका व्यक्तिहरूको साझा मञ्च बन्न पुगेको बताएका छन्।

नले आफूहरूले पटक-पटक आफ्ना विचार र दृष्टिकोण प्रस्तुत गरे पनि सुनुवाइ नभएको बताए। उनले टेलिभिजनको पर्दाबाट, राजनीतिक मैदानमा प्रवेश गर्दा र कारागारबाट समेत आफ्ना कुरा राखेको तर ती बेवास्ता गरिएको उल्लेख गरे। उनले भने, 'रास्वपा एउटा यस्तो साझा मञ्च बन्न सकेको छ जहाँ अहिले अधिकांश गैरराजनीतिक मानिसहरू आइपुगेका छन्। यो एउटा बाध्यता हो, रहर थिएन। पटकपटक भन्यौं तर हाम्रो कुरा सुनिएन। टेलिभिजनको पर्दाबाट भन्यौं, राजनीतिको मैदानमा आउने बित्तिकै घोषणा गर्दा भन्यौं तर सुनिएन। यतिसम्मकी जेलको कालकोठरीबाट पनि भन्यौं सुनिएन।'

यसैगरी लामिछानेले पार्टीलाई लडाउने शक्ति अबको युगमा आउन नसक्ने बताए। रास्वपालाई लडाउने शक्ति अब नआउने उनले दाबी गरे। उनले भने, 'मैले विगतमा पनि भनेको छु रास्वपा लड्यो भने आफ्नै खुट्टामा अल्झिएर लड्छ, यसलाई लडाउने अरुको तागत छैन। तर, रास्वपालाई लडाउने शक्ति अबको युगमा आउने छैन।' उनले फुटाउ र राज गर भन्ने सिद्धान्तअनुसार रास्वपालाई फुटाउने प्रयत्न हुन भन्दै सचेत रहन कार्यकर्तालाई आह्वान गरे।

यसैगरी उनले भैरहवा कारागारमा रहँदा आफूले लेखेको भनाइ स्मरण गर्दै 'एक दिन जनताले हातमा भएको तस्करले दिएको घडी खोस्नेछन् र त्यहाँ हतकडी लगाउनेछन्' भन्ने अभिव्यक्तिको उल्लेख गरे। हाल परिस्थिति परिवर्तन भएको र सोही परिवर्तनले रास्वपालाई देशको सबैभन्दा शक्तिशाली राजनीतिक शक्तिको रूपमा स्थापित गरेको उनको दाबी थियो।

'बदलिएको यो परिस्थितिले हामीलाई देशको सबैभन्दा शक्तिशाली पार्टी बनाएको छ। शक्तिशाली हुनु भनेको दम्भ गर्ने लाइसेन्स प्राप्त गर्नु होइन, प्रतिशोध साध्ने लाइसेन्स प्राप्त गर्नु होइन, यो मलाई र रास्वपालाई राम्रोसँग थाहा छ। रास्वपा प्रतिशोध र दम्भभन्दा निकै टाढा गएर नागरिक जिम्मेवारी पूरा गर्ने एउटा अदम्य जनमत बोकेर उपस्थित भएको छ।'

उनले लोकतन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र, नागरिक अधिकार, मानवअधिकार, समतामूलक समाज र समावेशिता जस्ता मूल्यहरूलाई संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले भने, 'निर्धक्क हुनुहोला, देश रास्वपाको हातमा छ, देश सुरक्षित छ। लोकतन्त्रका स्थायी मान्यताहरू, संघीय लोकतान्त्रिक गणतन्त्र, नागरिक हकअधिकार, मानवअधिकारको प्रत्याभूति, समतामूलक समाज, समावेशिता लगायतका थुप्रै उपहार हामीलाई अघिल्लो पुस्ताले र नेतृत्व सम्हालेका पुस्ताहरूले दिएको अमूल्य उपहार हो, हामी यसलाई जगेर्ना र माया गर्ने छौं।'

उनले विगतका आन्दोलनहरूको सम्मान गर्दै रास्वपा ती उपलब्धिहरूको निरन्तरता र संरक्षणमा प्रतिबद्ध रहने बताए। रास्वपाले लोकतान्त्रिक अभ्यासलाई तोड्ने नभई सुदृढ गर्ने उनको भनाइ थियो।

उनले भने, 'यसअगाडि भएका तमाम आन्दोलनहरूको तिरस्कार गर्ने साहस हामीमा हुने छैन। त्यो कदम कदापि चाल्ने छैनौं। रास्वपाले त्यो लाइन क्रस गर्दैन।'

लामिछानेले राष्ट्रिय राजनीतिमा कुनै एक दल मात्र सही हुने नभई सबै दल जिम्मेवार हुनुपर्ने धारणा राखे। उनले नेपाली कांग्रेस र नेकपा एमालेभित्र देखिएका आन्तरिक समस्या समाधान नभए त्यसको असर समग्र देशमा पर्ने चेतावनी दिँदै ती दलहरूलाई आन्तरिक समस्या समाधान गर्न आग्रह गरे।

उनले भने, 'राष्ट्रिय राजनीतिमा आफ्नो दल मात्र ठिक भएर हुँदैन, राष्ट्रिय राजनीतिमा भएका सबै दल ठिक हुनुपर्छ। दुई शक्तिशाली दल नेपाली कांग्रेस र नेकपा एमालेभित्र कहीँकतै केही न केही अप्ठ्याराहरू देखिएका छन्। त्यो अप्ठ्यारो त्यो दलको मात्र होइन, त्यो दलका अप्ठ्याराहरू सुल्झिएनन् भने समग्रमा त्यो देशको अप्ठ्यारो पनि बन्न सक्छ। मेरो शुभकामना छ, आफ्नो दलभित्रका अप्ठ्याराहरूलाई मिलाउनुहोला।'

**खण्डनमा उत्रिएका बालेन**

उद्घाटन समारोहका सबैभन्दा आकर्षणका केन्द्र रहेका रास्वपा वरिष्ठ नेता तथा प्रधानमन्त्री बालेन शाहले रास्वपाको यात्रा अब स्थानीय सडकमा नभई 'एक्सप्रेस वे' मा दौडिरहेको भन्दै गन्तव्यमा नपुगेसम्म पार्टीको अभियान नरोकिने बताए। उनले यो एमाले नेता प्रदीप ज्ञवालीले भनेको गाडीको ब्रेक र एक्सिलेटरको खण्डन थियो। सार्वजनिक स्थानमा नबोल्ने बालेनलाई दलका नेता तथा रास्वपाकै नेताहरूले पहिलोपटक सार्वजनिक कार्यक्रममा सुन्ने अवसर पाए। तर बालेन यहाँ पनि यसअघि संसद्‌मा प्रस्तुत भएकै शैलीमा आफूभन्दा पहिला बोलेका नेताहरूलाई जवाफ दिने शैलीमा सुनिए। विभिन्न अतिथिहरूले पार्टी र सरकारलाई दिएको सुझाव तथा चिन्ताप्रति धन्यवाद व्यक्त गरे।

शाहले सरकारलाई गाडीसँग तुलना गर्दै भने, 'सरकार भनेको गाडीजस्तै हो। गाडीमा एक्सिलेटर मात्र होइन, ब्रेक पनि हुन्छ। ब्रेक लगाउनुपर्छ भन्ने चिन्ता स्वाभाविक हो। स्थानीय सडकमा हिँड्दा दायाँ-बायाँबाट धेरै चिन्ता आउँछन्। तर हाम्रो गाडी लोकल रोडमा हिँडेको होइन, एक्सप्रेस वेमा हिँडेको गाडी हो। गन्तव्यमा पुगेपछि मात्र ब्रेक लाग्छ।'

जनमत अस्थिर हुने र हावाको दिशाजस्तै बदलिने टिप्पणीप्रति प्रतिक्रिया दिँदै शाहले भने, 'जनताको भोट हावा जस्तो हुन्छ, कहिले यताबाट त कहिले उताबाट चल्छ भनेर चिन्ता व्यक्त गरिएको छ। तर हामीले कुनै हावा उडाएका छैनौं। हामीले बाढी ल्याएर खोला फर्काएका हौं। त्यसैले त्यो आफ्नै बाटोमा निरन्तर बगिरहन्छ।'

उनले रास्वपाले स्थापित राजनीतिक प्रवृत्तिलाई परिवर्तन गर्दै नयाँ राजनीतिक धार निर्माण गरेको दाबी गर्दै जनताले दिएको विश्वासलाई सुशासन, विकास र परिणाममार्फत अझ बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे। साथै बालेनले संसद्‌मा दिएको सीमासम्बन्धि अभिव्यक्तिमा पनि प्रस्टीकरण दिए। उनले बेलायतलाई सीमा विवादमा मध्यस्थता बनाउन नखोजेक बताए। साथै सीमाबारे आफ्नो राष्ट्रियतामाथि प्रश्न नउठान आग्रह गरे।

**सीके र बाबुरामले गरेको प्रशंसा तथा राप्रपाको राजावादी रुझान्**

रास्वपालाई शुभकामना दिने क्रममा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई र जनमत पार्टीका अध्यक्ष सीके राउतले भने खुलेरै प्रशंसा गरे।

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई नेपालको वैकल्पिक राजनीतिको नयाँ अध्यायका रूपमा व्याख्या गर्दै नयाँ पुस्ताले अब सुशासन र समृद्धिको नेतृत्व गर्नुपर्ने बताए। उनले रास्वपाका सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन शाह समकालीन राजनीतिका सबैभन्दा लोकप्रिय नेतामध्ये रहेको उल्लेख गर्दै उनीहरूबीच सहकार्य आवश्यक रहेको धारणा राखे।

भट्टराईले आफू सधैं विद्रोही र वैकल्पिक राजनीतिको पक्षधर रहेको बताए। उनले आफ्ना समकालीन नेताहरू षड्यन्त्र सिद्धान्तमा अल्झिने गरेको टिप्पणी गर्दै आफूले भने सुरुदेखि नै वैकल्पिक राजनीतिको पैरवी गर्दै आएको र रास्वपालाई त्यसैको उपलब्धिका रूपमा लिएको बताए। 'चार वर्षमै रास्वपाले हासिल गरेको उपलब्धि नेपाली राजनीतिक इतिहासको नयाँ कडी हो। मैले पैरवी गर्दै आएको नयाँ शक्तिको एउटा उपलब्धिका रूपमा रास्वपालाई लिएको छु,' उनले भने।

भट्टराईले आफूलाई पद, प्रतिष्ठा वा व्यक्तिगत लाभको कुनै लोभ नभएको उल्लेख गर्दै 'ललिपप खान आएको' भन्ने आलोचनाको पनि जवाफ दिए।

'कतिपयले मलाई ललिपप खान लागेको भन्छन्। तर प्रधानमन्त्री भइसकेको, ५० लाख रुपैयाँ टाउको मूल्य तोकिएको व्यक्ति अब के ललिपप खान आउँछ?' उनले भने।

उनले नेपालको राजनीतिक परिवर्तनलाई निरन्तर प्रक्रियाका रूपमा व्याख्या गर्दै अघिल्लो पुस्ताले प्रजातन्त्र, आफ्नो पुस्ताले लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको र अब नयाँ पुस्ताले देशलाई सुशासन र समृद्धिको शिखरमा पुऱ्याउनुपर्ने बताए।

'पृथ्वीनारायण शाह, बीपी कोइराला र पुष्पलालपछि तपाईंहरूको पुस्ताले इतिहास रच्ने अवसर पाएको छ। अब रवि र बालेनको पुस्ताले देशलाई समृद्धि र सुशासनको चुचुरोमा पुऱ्याउनुपर्छ' उनले भने।

भट्टराईले रास्वपाले तत्कालीन राजनीतिक सफलतामा मात्र सीमित नहुँदै दीर्घकालीन सोचका साथ अघि बढ्नुपर्ने धारणा राखे। 'पाँच वर्षका लागि मात्रै होइन, १०-१५ वर्षसम्म देशलाई स्थिर सरकार र स्पष्ट दिशासहित अघि बढाउने दृष्टि बनाउनुपर्छ,' उनले भने।

जनमतका अध्यक्ष सीके राउतले आफू र रास्वपाले देश परिवर्तनको एउटै सपना देखेको बताए। उनले आफू प्रतिस्पर्धीका रूपमा नभई सहयोगीका रूपमा महाधिवेशनमा सहभागी भएको बताए। राउतले संसदीय राजनीतिबाट आफूले सन्यास लिइसकेको उल्लेख गर्दै आफूलाई महाधिवेशनमा आमन्त्रण गरेकोमा धन्यवाद व्यक्त गरे। उनले देशभरबाट

बाँकी पृष्ठ ४ ▸▸

# चन्द्रपुरबाट ब्राउन सुगरसहित दुई जना पक्राउ

**अपन दैनिक संवाददाता**
**रौतहत, असार ०७ गते**

रौतहटको चन्द्रपुर नगरपालिकाबाट प्रतिबन्धित लागुऔषध खैरो हिरोइन र नगदसहित दुई जनालाई प्रहरीले बिहीबार राति पक्राउ गरेको छ।

चन्द्रपुर नगरपालिका-६, डावरीटोलका २६ वर्षीय निराशकुमार सापकोटालाई लागुऔषध खैरो हिरोइनसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय गौरले जानकारी दिएको छ। बिहीबार पक्राउ परेका दुवैलाई प्रहरीले शुक्रबार सार्वजनिक गरेको छ।

राति शंकास्पद अवस्थामा फेला परेका सापकोटाको खानतलासी गर्दा शरीरमा लुकाएको अवस्थामा लागुऔषध र नगद बरामद भएको प्रहरीले जनाएको छ। सापकोटाले बोकेको पर्सभित्र कालो प्लास्टिकमा बेरेर लुकाइराखेको २४० मिलिग्राम खैरो हिरोइन फेला परेको प्रहरीले जनाएको छ। सापकोटाको साथबाट ३२ हजार २ सय ९० रुपैयाँ नगदसमेत बरामद भएको छ।

पक्राउ परेका सापकोटामाथि प्रारम्भिक सोधपुछ गर्दा चन्द्रपुर-६, शान्तिनगर टोलका ३० वर्षीय विकास न्यौपानेसँग उक्त लागुऔषध खरिद गरेको बयान दिएका थिए। त्यसपछि प्रहरीले न्यौपानेलाई पनि पक्राउ गरेको जनाएको छ। न्यौपानेको साथबाट २२ हजार ३ सय रुपैयाँ नगद बरामद भएको प्रहरीले जनाएको छ।

पक्राउ परेका दुवैमाथि लागुऔषधसम्बन्धी मुद्दा चलाइएको प्रहरीले जनाएको छ।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।**

AD
अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*

# आँप महोत्सव सम्पन्न: मुख्यमन्त्रीको प्रतिबद्धताले हौसिए किसान

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ०७ गते**

किसानलाई प्रोत्साहन गर्दै आँपखेतीको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित तीनदिने आँप मेला महोत्सव आज सम्पन्न भएको छ। शुक्रबारदेखि सुरु भएको महोत्सवमा महोत्तरीसहित धनुषाका आँप उत्पादक किसानको सहभागिता थियो।

धनुषाको बटेश्वर गाउँपालिका-१ चित्रपुरमा आयोजित तेस्रो महोत्सवमा मधेश प्रदेश सरकारका प्रतिनिधि तथा प्रदेशका व्यापारीद्वारा अवलोकन गरिनुका साथै दुवै जिल्लाका होटल तथा पर्यटन व्यवसायी, सामाजिक सङ्घसंस्थाका प्रतिनिधिले अवलोकन गरेका छन्। महोत्सवमा सहभागी किसानले आगामी दिनमा यस्ता कार्यक्रमले निरन्तरता पाउनुपर्नेमा जोड दिँदै आफ्नो उत्पादनले उपयुक्त बजार पाउने विश्वास व्यक्त गरेका हुन्।

महोत्सवस्थल महोत्तरीको भङ्गाहा र बर्दिबास नगरक्षेत्रका बस्तीसँगै जोडिएकाले यस क्षेत्रका किसानको उल्लेख्य सहभागिता थियो। "स्थानीयस्तरमा आयोजित मेलामा हामी सहभागी भयौँ", बर्दिबास नगरपालिका-६ चौलिखाका पर्शुराम ठाकुरले भने, "यसपालि महोत्सवमा प्रदेश सरकारले पनि चासो दिएको छ। अब किसानले केही सुविधा पाउँछन् कि भन्ने आश जागेको छ।"

महोत्सवमा आएका टाढाटाढाका व्यापारीले आँप खरिदको चासो बढाएका ठाकुरको भनाइ छ। यसले स्थानीय उत्पादनले परसम्मको बजार पाउने आशा जागेको उनले बताए।



महोत्सवमा आफ्नो कक्षबाट १०० क्विन्टल हाराहारी आँप बिक्री भएको चित्रपुरका आँप व्यापारी रामबहादुर महतोले जानकारी दिए। "मेरो आफ्नो बगैँचा त छैन, तर यही ओरीपरी ५० बिघा बढी क्षेत्रफलको बगैँचा यसपालि ठेक्कामा लिएको छु", उनले भने, "आँप बेच्न टाढाटाढाका सहर पुग्दै आएको छु यसपालि भने बाहिरका व्यापारीले यहीँ आएर आँप लाने कुरा गरेका छन्।"

महोत्सवमा झापा पारी भारतसम्मका व्यापारी आएका उनको भनाइ छ।

महोत्तरीका बर्दिबास र भङ्गाहाका साथै धनुषाका मिथिला नगरपालिका र बटेश्वर गाउँपालिका आँप उत्पादनका लागि उर्वर ठाउँ मानिन्छ। यी चारै स्थानीयतहका किसानलाई कृन्द्रित गरी महोत्सव आयोजना भएको थियो। महोत्सवमा आँपको प्रदर्शनी, बिक्री र व्यापारिक सम्पर्क विस्तार भएको सहभागी किसान बताउँछन्।

यसैबिच मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादव, मन्त्रीहरू, प्रदेशसभाका सदस्यहरू, विभिन्न स्थानीय तहका जनप्रतिनिधिको सहभागिता र सहयोगको प्रतिबद्धताले किसानलाई हौसला दिएको महोत्सव आयोजक संस्था चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभका अध्यक्ष प्रदीप महतोले बताए।

"यसपालि महोत्सवको उद्घाटन गर्न मुख्यमन्त्री आउनुभयो, हामीलाई आँपको प्रशोधन, बजारीकरण र भण्डारणका लागि चिस्यानघरसम्मका विषयमा सरकारको सहयोग हुने बताए। यसले हामीमा नयाँ आशा जगाएको छ", उहाँले भन्नुभयो, "राज्यको सहयोग पाए किसानले बगैँचाखेतीबाट मनग्य आम्दानी गर्न सक्छन्।" मुख्यमन्त्रीसँगै प्रदेशका मन्त्रीहरू, प्रदेशसभा सदस्य र स्थानीयतहका प्रतिनिधिको उत्साहजनक सहभागिताले आगामी दिनमा किसानले सुविधा पाउने विश्वास जागेको उनको भनाइ छ।

महोत्सवस्थल चित्रपुरमा मात्रै करिब एक हजार बिघामा आँप बगैँचा छ। बटेश्वर गाउँपालिका क्षेत्रमा बगैँचाको क्षेत्रफल करिब दुई हजार बिघा रहेको अध्यक्ष महतोले जानकारी दिए। यसैगरी छिमेकका बर्दिबास, भङ्गाहा र मिथिला नगरपालिका क्षेत्र सघन आँपखेतीका लागि उपयुक्त क्षेत्र भएकाले यो क्षेत्रफल करिब पाँच हजार बिघा रहेको उनले बताए।

यी स्थानीयतह बस्तीमा आँप पाक्ने मौसम जेठ तेस्रो साताको प्रारम्भसँगै सुरु भएर भदौ अन्त्यसम्म रहने किसान बताउँछन्। "यता सबैभन्दा चाँडो पाक्ने आँप बम्बै जेठमध्यतिर सुरु हुन्छ। अनि असार तेस्रो सातासम्म दशहरी, मालदहको मौसम हुन्छ। त्यसपछि आम्रपाली, मल्लिका, अभैया, कलकतिया, स्वर्णरेखा, गुलावखास, मिसरिया, डोल्मा, केरवा, लालमोहन र लरुवा जातका आँपको सघन मौसम सुरु हुन्छ", महोत्सवका सहभागी भङ्गाहा-४ का किसान हरिदेव साहले भने।

उत्पादनले बजार पाउनु मुख्य पक्ष रहेको बताउँदै उनले यसै क्षेत्रमा आँप प्रशोधन र भण्डारणका लागि चिस्यान घर हुनसके यहाँका किसानले वर्षभरि आँपको बजार जमाइ राख्नसक्ने उल्लेख गरे। प्रदेशका मुख्यमन्त्रीले आँप प्रशोधन गरेर विभिन्न परिकार बनाउने उद्योग र चिस्यान घर बनाउनेबारे जनाउनुभएको प्रतिबद्धताले अब आँपखेतीमा राम्रो सम्भावनाको क्षेत्र बन्ने साहससहित किसान बताउँछन्।

आँप महोत्सवको मुख्य पक्ष बजार प्रवर्द्धन र विस्तार भएपनि आफ्नो ठाउँको उत्पादन विशिष्ट स्वादको रहेको भन्ने उपभोक्तालाई चिनाउनु पनि मुख्य एजेण्डा रहेको आयोजक संस्थाका फुलगेन मगहीले बताए। "हामीले महोत्सवमा सहभागी उपभोक्तालाई थरिथरिका आँप चखाएका छौँ। सबैले यहाँको आँपको स्वादको सराहना गरेका छन्", उनले भने, "यो पनि महोत्सवको सफलता हो।"

मगहीले भनेजस्तै महोत्सवमा सहभागी भएका भङ्गाहा-९ भीमगढका श्यामसिंह थारुले यस भेगका आँप मौलिक स्वादका रहेका बताए। महोत्सवमा ५० लाख बढीको कारोबार भएको आयोजकले जनाएको छ।

पाकेका तथा काँचा आँप र थरिथरिका अचारका परिकार प्रदर्शनी र बिक्रीका लागि राखिएका थिए। तीनदिने महोत्सवमा १० हजार बढीले अवलोकन गरेका आयोजकले जनाएको छ।

आँप उत्पादनको पकेटक्षेत्र भएकाले यहाँको उत्पादनबारे राज्यका विभिन्न निकायको ध्यानाकर्षण गराउन र आमचासो जगाउन महोत्सव आयोजना गरिएको भन्दै यसको उद्देश्यमा सफल भएको अध्यक्ष महतोले बताए। चित्रपुरमा वि.सं. २०८१ देखि प्रत्येक वर्ष असारमा महोत्सव आयोजना हुँदै आएको छ।

यो महोत्सव परम्पराले आँपसँगै जोडेर आफ्नो ठाउँको परिचय विस्तार भएको आयोजकले बताएको छ। पहिलो वर्ष एक दिन, गत वर्ष दुई दिन आयोजना भएको महोत्सव यसपालि तीन दिनसम्म भएको आयोजक संस्थाका अध्यक्ष महतोले जानकारी दिए।

संस्थाको नाम अंग्रेजीमा हुनुका सन्दर्भमा मौसममा नेपाल भ्रमणमा आउने पर्यटकलाई लक्षित गरी 'चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभ' राखिएको बताए। "हामी वास्तवमै यो ठाउँलाई आँप पर्यटनस्थलका रूपमा विकास गर्न खोजेका छौँ", उनले भने, "यसका लागि राज्यका सरोकार भएका निकायको सहयोगको अपेक्षा गरेका छौँ।"

मेलामा महोत्तरी र धनुषाका विभिन्न भेगका विद्यालयका शिक्षक तथा विद्यार्थीहरूले विभिन्न जातका आँपको मेला र बगैँचा अवलोकन गरेका छन्। यसैगरी दुवै जिल्लाका सर्वसाधारणको पनि उल्लेख्य उपस्थिति देखिएको थियो।

महोत्सवमार्फत किसानलाई उत्साहित बनाउँदै खेती विस्तारमा पहल गर्नु रहेको बटेश्वर-१ का वडाध्यक्ष अशोककुमार महतोले बताए। महोत्सवबाट यहाँ उत्पादित आँपको प्रचारप्रसार हुनुका साथै खेती प्रवर्द्धनमा सहयोग पुगेको उनले विश्वास व्यक्त गरे।

## सिरहामा शवसहित पूर्वपश्चिम राजमार्ग ...............

र हालसम्म पक्राउ नपरेको भन्दै स्थानीयले दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा न्याय सुनिश्चित गर्न माग गरेका छन्।

प्रदर्शनकारीहरूले दुर्घटनाको निष्पक्ष छानबिन, पीडित परिवारको आर्थिक सुरक्षाको व्यवस्था तथा बजार क्षेत्रमा बढ्दो सवारी दुर्घटना नियन्त्रणका लागि प्रभावकारी सुरक्षा उपाय अपनाउन माग गरेका छन्। स्थानीयले धनगढीमाई बजार क्षेत्रमा सीसीटीभी क्यामेरा जडान गर्नुपर्ने आवश्यकता पनि औँल्याएका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त प्रवक्ता तथा प्रहरी निरीक्षक नरेश लिम्बुका अनुसार अवरुद्ध राजमार्ग खुलाउन इलाका प्रहरी कार्यालय लहानबाट अतिरिक्त प्रहरी टोली परिचालन गरिएको थियो।

राजमार्ग अवरुद्ध भएपछि पूर्वपश्चिम राजमार्गको दुवैतर्फ सयौं सवारीसाधन रोकिँदा यात्रुहरू समस्यामा परेका थिए। घटनास्थलमा प्रहरी र आन्दोलनरत स्थानीयबीच भएको वार्तापछि सडक सञ्चालनमा ल्याइएको प्रहरीले जनाएको छ।

दुर्घटनापछि उत्पन्न तनावका कारण धनगढीमाई बजार क्षेत्र केही समय संवेदनशील बनेको थियो। स्थानीयवासीले भने पीडित परिवारले न्याय र उचित क्षतिपूर्ति नपाए आन्दोलनका थप कार्यक्रम घोषणा गर्ने चेतावनी दिएका छन्।

## रास्वपाको मञ्चमा रास्वपाबाटै खोजिएको .............

परिवर्तनको विश्वास बोकेर आएका कार्यकर्तालाई सम्बोधन गर्दै देश बदल्ने सपना आफूले पनि देखेको स्मरण गरे।

'मैले पनि ल्यापटपमा टाउको राखेर रोएको छु। हामीले एउटै सपना देख्यौं, आन्दोलन पनि गर्यौं। तर जनताले सबैलाई विश्वास गर्ने सौभाग्य मिल्दैन, त्यो विश्वास तपाईंहरूले पाउनुभएको छ,' उनले भने।

उनले रास्वपालाई जनताको विश्वास जोगाउँदै अघि बढ्न आग्रह गर्दै जनरेशन-जेड (Gen Z) का युवाको पीडा र शहीदका सपना नबिर्सन आग्रह गरे। मधेसी समुदायको छोरालाई प्रधानमन्त्री बनाएको भन्दै रास्वपाप्रति आभार व्यक्त गरेका उनले बालेन शाहको पनि प्रशंसा गरे। राउतले संसद्मा रहँदा परिवर्तन कसरी ल्याउने भन्ने विषयमा घण्टौं छलफल गरेको स्मरण गर्दै आफूले 'बीपी कोइरालापछिको नेता रवि लामिछाने हुन सक्छन्' भन्ने विश्वास गरेको बताए।

'जनताले सधैं जनताकै बीचमा रहने आफ्नो मान्छे सीकेलाई भन्दा तपाईंलाई रोजेका छन्। अब त्यो विश्वास र जिम्मेवारी पूरा गर्नुहोस्,' उनले भने।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई इतिहासले दुर्लभ अवसर दिएको भन्दै त्यसको सही सदुपयोग गर्न आग्रह गरे। उनले यो अवसर गुमे त्यसको असर पार्टीमा मात्र नभई देशमै पर्ने चेतावनी दिए। रास्वपाको लिङ्देनले २०४६ सालको राजनीतिक परिवर्तनपछि लोकतन्त्र वा गणतन्त्रको नाममा केही राजनीतिक दल र सीमित नेताले मुलुकमा 'लुटतन्त्र' मच्चाएको आरोप लगाए। उनका अनुसार त्यसको विरुद्धमा जनताले मतदानमार्फत परिवर्तनको सन्देश दिएका छन्।

'इतिहासले तपाईंहरूलाई अवसर दिएको छ। पार्टी र व्यक्तिको जीवनमा यस्तो अवसर बारम्बार आउँदैन। यदि यो अवसर चुकाउनुभयो भने त्यो देशप्रतिको धोका हुनेछ,' उनले भने।

लिङ्देनले पछिल्लो निर्वाचन परिणामले परम्परागत राजनीतिक संगठनभन्दा जनताको चेतना र निर्णय क्षमताले ठूलो भूमिका खेलेको टिप्पणी गरे। उनले झण्डै दुईतिहाइ बहुमत प्राप्त गर्ने दलको सबै वडा र जिल्लामा संगठन नभएको उल्लेख गर्दै जनताले स्थापित राजनीतिक संरचनाभन्दा परिवर्तनको पक्षमा निर्णय दिएको बताए।

उनले रास्वपाले पाएको मतमा राजसंस्थाको पक्षधर मतदाताको पनि समर्थन रहेको दाबी गरे। 'नेपालमा राजा चाहिन्छ भन्ने धेरै मतदाता पनि राप्रपालाई नभई रास्वपालाई गए। बालेन्द्र शाहजस्ता नयाँ नेतृत्वले परिवर्तन ल्याउन सक्छन् भन्ने विश्वासमा उनीहरूले मतदान गरेका हुन्,' उनले भने।

लिङ्देनले मुलुकको समस्या केवल नेतृत्वमा मात्र नभई वर्तमान संविधानमा पनि रहेको जिकिर गरे। उनले नयाँ राष्ट्रिय सहमति र संविधानका विषयमा व्यापक संवाद आवश्यक रहेको धारणा राखे।

**बिजुलीको सुरक्षित प्रयोग गरौं।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

**सावधानी अपनाऔं, सुरक्षित रहौं।**

**गोलबजार नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गोलबजार**
मधेश प्रदेश, सिरहा (नेपाल)

**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं।
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं।
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं।
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं।
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं।
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं।
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं।
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं।
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।

**सावधानी अपनाऔं, बचौं र बचाऔं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**